सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
टीकापुर अस्पताल
टीकापुर, कैलाली, नेपाल ।

०९१-५६०४८८
tikapurhospital@gmail.com
tikapurhospital.gov.np

# सेवा करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः- २०८१/०८/२८)

यस अस्पतालको रिक्त दरबन्दी, अस्पताल व्यवस्थापन समिति र कार्यक्रम अन्तर्गत करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने सम्बन्धि मापदण्ड, २०७७ (दोस्रो शंसोधन २०७९) बमोजिम तपसिलको पदमा करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र दिनको ४.०० बजेसम्म इमेल मार्फत तोकिए बमोजिमको आवश्यक योग्यता पुगेको इच्छुक नेपाली नागरिकले आवश्यक फाराम भरि आवेदन दिन हुन सम्वन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र. नं. | विज्ञापन नं. | पद | माग पद संख्या | तह | कैफियत |
|---|---|---|---|---|---|
| १. | २०८१/८२/०१ | हाडजोर्नी विशेषज्ञ | १ | नवौं | |
| २. | २०८१/८२/०२ | मनोचिकित्सक | १ | नवौं | |
| ३. | २०८१/८२/०३ | बालरोग विशेषज्ञ | १ | नवौं | |
| ४. | २०८१/८२/०४ | कन्सल्टेण्ट प्याथोलोजिष्ट | १ | नवौं | |
| ५. | २०८१/८२/०५ | फार्मेसी अधिकृत | १ | सातौं | |
| ६. | २०८१/८२/०६ | ल्याब टेक्निसियन | ४ | पाचौं | |
| ७. | २०८१/८२/०७ | बायोमेडिकल टेक्निसियन | १ | पाचौं | |
| ८. | २०८१/८२/०८ | स्टाफ नर्स | ११ | पाचौं | |
| ९. | २०८१/८२/०९ | एनेस्थेसिया सहायक | १ | पाचौं | |

१. योग्यता

क. नेपाली नागरिक हुनुपुर्नेछ ।

ख. न्यूनतम योग्यताः माथि उल्लेखित पदहरुमा उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वविद्यालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-६ बमोजिम सम्बन्धित समूह तथा उपसमूह रहने पदहरुको लागि तोकिएको योग्यता पुरा गरेको हुनु पर्नेछ ।

ग. उमेर हदः पाचौं तहका लागि १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ । नवौं र सातौं तहका लागि २१ बर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

घ. सम्बन्धित व्यवसायिक परिपदमा दर्ता तथा नविकरण समेत भएको हुनुपर्नेछ । प्रचलित कानूनद्धारा अयोग्य नभएको हुनुपर्नेछ ।

प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट

२. दरखास्त विधिः योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस अस्पतालको इमेल vacancythp@gmail.com मार्फत दरखास्त फाराम पेश गर्नुपर्नेछ । दरखास्त फाराम अस्पतालको वेवसाइट www.tikapurhospital.gov.np बाट प्राप्त गर्न सकिनेछ । आवेदनकर्ताले श्री राष्ट्रिय वाणिज्य बैंक शाखा धनगढी रहेको खाता नं १०००२०००१०००० (कार्यालय कोड नं. ३५००२७७०२७) राजस्व शीर्षक नं. १४२२९ मा नवौं तहको लागि रु २,०००।- (अक्षरेपी दुई हजार मात्र), सातौं तहको लागि रु १२,००।- (अक्षरेपी एक हजार दुई सय मात्र) र पाचौं तहको लागि रु ७००।- (अक्षरेपी सात सय मात्र) । इमेल मार्फत पठाईएको दरखास्त मात्रै छनौट प्रकृयामा समावेश गरिनेछ ।

३. दरखास्त मितिः विज्ञापन भएको मितिले ७ दिन भित्र दिनको ४.०० बजेसम्म दरखास्त इमेल मार्फत पेश गरिसक्नुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्टसम्म इमेल मार्फत दरखास्त दिन सकिनेछ । म्याद नाघी पेश भई आएका दरखास्त माथि कुनै कारबाही हुने छैन ।

४. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः दरखास्त फाराम भरी फाराममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो १ प्रति टाँसी, दरखास्त दस्तुर तिरेको भौजर रसिदको प्रतिलिपि, उम्मेदवारको व्यक्तिगत विवरण (CV), शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, सम्वन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित), अनुभवको प्रमाणपत्रको प्रतिलिपि र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरुको स्क्यान कपी (PDF) सम्बन्धित इमेल मार्फत पेश गर्नुपर्नेछ ।

५. छनौट प्रकृयाः सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालयद्धारा स्वीकृत करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने सम्वन्धि मापदण्ड, २०७७ (दोस्रो शंसोधन २०७९) बमोजिम लिखित र अन्तर्वार्ता विधिबाट छनौट हुनेछ ।

६. सेवा सुविधाः छनौट भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई पारिश्रमिक प्रदेश सरकारको नियमानुसार र अन्य सेवा सुविधा तथा शर्तहरु सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

७. लिखित र अन्तर्वार्ताको मिति सम्बन्धित सूचना यस अस्पतालको वेवसाइट www.tikapurhospital.gov.np मा सार्वजनिक गरिनेछ । संक्षिप्त सूचिमा छनौट भएका उम्मेदवारहरुलाई मात्र लिखित र अन्तर्वार्तामा सहभागी गराईनेछ । अन्तर्वार्ता आउदा सक्कल कागजात सहित उपस्थित हुनुपर्नेछ ।

८. लिखितमा उम्मेदवारद्धारा पेश गरिएका कागजातहरु झुटो ठहर भएमा प्रचलित नियमानुसार कारबाही गरिनेछ ।

९. सम्पर्क मिति २०८१/०९/७ गते आइतवार यस अस्पतालको वेवसाइट www.tikapurhospital.gov.np मा सार्वजनिक गरिनेछ ।

प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट